## के बोन्ड जनमत सङ्ग्रहको स्वीकृतिले करहरूमा वृद्धिहुने छ?

**हुने छैन।** हेनरिको काउन्टी बोर्ड अफ सुपरभाइजरले काउन्टीको 2022-23 को बजेट स्वीकार गरेपछि घरजग्गा करको दरलाई मूल्याङ्कन गरिएको मूल्यमा 2 सेन्टले घटाएर 85 सेन्ट प्रति $100 बनाएको छ। बोन्ड ऋण जारी गर्न र नयाँ सुविधास्थलहरूको सञ्चालनमा लाग्ने सम्बन्धित लागतहरू हालको काउन्टी राजस्वद्वारा समर्थित हुन सक्छन्।

## हेनरिको मतदाताहरूका लागि सूचना

अनुपस्थित मतदान शुक्रवार, सेप्टेम्बर 23 मा सुरु भएर शनिवार, नोभेम्बर 5 सम्म जारी रहन्छ र यसमा अनुपस्थित व्यक्तिले व्यक्तिगत रूपमा मतदान गर्न पाउने र प्रत्येक म्याजिस्ट्रियल जिल्लामा स्थापित ड्रप बक्सहरू सुरक्षित गर्न पूरा गरिएका मतपत्रहरू फिर्ता गर्ने विकल्पहरू हुन्छन्। निर्वाचनको दिन, मङ्गलवार, नोभेम्बर 8 मा काउन्टीका मतदान स्थानहरू बिहान 6 बजेदेखि बेलुकी 7 बजेसम्म खुला रहने छन्।




**अतिरिक्त मतदानसम्बन्धी जानकारी — ठेगाना कसरी दर्ता गर्ने वा अद्यावधिक गर्ने, अनुपस्थित मतपत्रका लागि कसरी आवेदन दिने, ड्रप बक्स र मतदान क्षेत्रका स्थानहरू, समाप्ति मितिर थप कुराहरूका लागि – *henrico.us/registrar* र (804) 501-4347 मार्फत हेनरिको मतदाता दर्ता तथा निर्वाचन कार्यालयमा बुझ्नुहोस्।**

## प्रश्नहरू छन्?

**तपाईंको समूहका लागि बैठकको समयतालिका कसरी निर्धारित गर्ने सहित *2022* बोन्ड जनमत सङ्ग्रहका बारेमा थप जानकारीका लागि *henrico.us/bonds* माजानुहोस् वा यो कोड स्क्यान गर्नुहोस्:**

**एउटा काउन्टी।**
**एउटा समुदाय।**

**हेनरिको काउन्टीले जाति, वर्ण, धर्म, लिङ्ग, राष्ट्रिय मूल, उमेर वा अपाङ्गताका आधारमा भेदभाव गर्दैन।**

सार्वजनिक सम्बन्ध, *7/22* द्वारा प्रस्तुत

PRSRT STD U S
POSTAGE PAID
RICHMOND VA
PERMIT NO 1380

**Henrico County Public Relations**
**P.O. Box 90775**
**Henrico, VA 23273-0775**

# हेनरिको काउन्टी 2022 बोन्ड जनमत सङ्ग्रह

***henrico.us/bonds***

निर्वाचन हुने दिन: मङ्गलवार, नोभेम्बर 8

अनुपस्थित मतदान:
शुक्रवार, सेप्टेम्बर 23 देखि शनिवार, नोभेम्बर 5 सम्म

# हेनरिको काउन्टी 2022 बोन्ड जनतम सङ्ग्रह

★ ★ ★ ★ ★ ★ ★ ★ ★ ★

हेनरिको काउन्टीका मतदाताहरूसँग 2022 साधारण निर्वाचनको भागको रूपमा नयाँ र नवीकृत विद्यालय, फायरहाउस र पार्कहरूसहित प्रस्तावित काउन्टी पूँजी परियोजनाहरूमा $511 मिलियनभन्दा बढीको आर्थिक सहयोग स्वीकृत गर्नका लागि बोन्ड जनमत सङ्ग्रहमा सहभागी हुन पाउने अवसर हुने छ।

बोन्ड जनमत सङ्ग्रह मतपत्रमा चार वटा प्रश्नको रूपमा देखा पर्ने छ, प्रत्येक परियोजना वर्गका लागि छुट्टाछुट्टै प्रश्न हुने छ: विद्यालयहरू; मनोरञ्जन र पार्कहरू; फायर स्टेशनहरू र सार्वजनिक सुरक्षा सुविधास्थलहरू; र वर्षातको पानीको नाकासी। मतदाताहरूले प्रत्येक चार वटा प्रश्नमा “हो” वा “होइन” भनेर मतदान गर्न सक्नुहुन्छ; व्यक्तिगत वर्गहरू स्वीकार वा अस्वीकार गर्न सकिन्छ। मतको बहुमतद्वारा वर्ग स्वीकृत भयो भने काउन्टीले ऋण अनुबन्ध गर्न र परियोजनाहरूमा आर्थिक सहयोग गर्नका लागि यसका सामान्य दायित्व बोन्डहरू जारी गर्न अनुमति पाउँछ।

तल बोन्ड जनमत सङ्ग्रहका लागि मतपत्रमा देखा पर्ने प्रश्नहरूका साथै प्रस्तावित परियोजनाहरू र तिनीहरूका लागि आर्थिक सहयोग रकम उल्लेख गरिएको छ (मतपत्रमा प्रश्नहरू मात्र देखा पर्ने छन्)। अनुपस्थित मतदान साथै व्यक्तिगत रूपमा गरिने मतदान शुक्रवार, सेप्टेम्बर 23 मा सुरु हुने छ। निर्वाचन हुने दिन मङ्गलवार, नोभेम्बर 8 हो।

थप जानकारी *henrico.us/bonds* मा उपलब्ध छ।

## ★ विद्यालयका परियोजनाहरू

### $340.5 मिलियन

मतपत्रमा उल्लेख गरिएको प्रश्न:

के हेनरिको काउन्टी, भर्जिनियालाई ऋण अनुबन्ध गर्न र विद्यालय परियोजनाहरूमा र विद्यालयको पूँजी सुधार गर्ने, विद्यालयहरूमा सुसज्जित र अत्यावश्यक सामग्रीहरूको व्यवस्था, भविष्यमा विद्यालय क्षेत्रहरूको अधिग्रहण र हेनरिको काउन्टीमा वास्तविक शैक्षिक आवश्यकताहरूको अनुसार आवश्यक पर्न सक्ने यस्तै अन्य विद्यालयको निर्माण, नवीकरण र सुधारहरूलगयत हेनरिको काउन्टी स्कूल बोर्डको पूँजी सुधार कार्यक्रममा आर्थिक सहयोग गर्नका लागि सार्वजनिक वित्त ऐन *1991* बमोजिम *$340,500,000* को अधिकतम कुल मूल रकममा आफ्ना सामान्य दायित्व बोन्डहरू जारी गर्न अनुमति दिइन्छ?

परियोजनाहरू:

- क्वीअकासीन मिडल (पुनर्निर्माण): $89 मिलियन
- विल्टन फार्ममा वातावरणीय शिक्षा हुने भवन (नयाँ): $13.3 मिलियन
  नोट: *2022-23* बजेटमा समावेश गरिएको डिजाइनका लागि रकम
- ज्याक्सन डेभिस इलिमेन्टरी (पुनर्निर्माण र क्षमता वृद्धि): $36 मिलियन
  नोट: *2022-23* बजेटमा समावेश गरिएको डिजाइनका लागि रकम
- R. C. लोगान इलिमेन्टरी (पुनर्निर्माण र क्षमता वृद्धि): $37 मिलियन
  नोट: *2022-23* बजेटमा समावेश गरिएको डिजाइनका लागि रकम
- हाइल्यान्ड स्प्रिङ्ग्स इलिमेन्टरी (पुनर्निर्माण): $45 मिलियन
- चार्ल्स एम. जोनसन इलिमेन्टरी (नवीकरण): $26.5 मिलियन
- फेयरफिल्ड एरिया इलिमेन्टरी (नयाँ): $46 मिलियन
- वेस्ट इन्ड एरिया इलिमेन्टरी (नयाँ): $47.7 मिलियन


हाइल्यान्ड स्प्रिङ्ग्स इलिमेन्टरी


डिप बटम पार्क

## ★ मनोरञ्जन र पार्क परियोजनाहरू

### $37 मिलियन

मतपत्रमा उल्लेख गरिएको प्रश्न:

के हेनरिको काउन्टी, भर्जिनियालाई ऋण अनुबन्ध गर्न र मनोरञ्जन तथा पार्क सुविधास्थलहरूको निर्माण, सुधार, नवीकरण, पुनर्निर्माण, सुसज्जित र अत्यावश्यक सामग्रीहरूको व्यवस्था, त्यस्ता सुविधास्थलहरूका लागि आवश्यक हुने भूमिको अधिग्रहण साथसाथै विभिन्न सडक तथा फुटपाथ परियोजनाहरूका लागि आर्थिक सहयोग गर्नका लागि सार्वजनिक वित्त ऐन *1991* बमोजिम *$37,000,000* को अधिकतम कुल मूल रकममा आफ्ना सामान्य दायित्व बोन्डहरू जारी गर्न अनुमति दिइन्छ?

परियोजनाहरू:

- तीन वटा चोप्ट क्षेत्रका पार्क र सडक सुधार (नयाँ): $25 मिलियन
  नोट: *2022-23* बजेटमा समावेश गरिएको डिजाइनका लागि रकम
- डिप बटम पार्क (सुधार): $7 मिलियन
- टकाहो क्रीक पार्क (परिवर्धन): $5 मिलियन

## ★ फायर स्टेशन र सार्वजनिक सुरक्षा सुविधास्थलहरूका परियोजनाहरू

### $83.85 मिलियन

मतपत्रमा उल्लेख गरिएको प्रश्न:

के हेनरिको काउन्टी, भर्जिनियालाई ऋण अनुबन्ध गर्न र आगलागी स्टेशन र अन्य सार्वजनिक सुरक्षा सुविधास्थलहरूको निर्माण, नवीकरण, पुनर्निमार्ण, सुसज्जित र अत्यावश्यक सामग्रीहरूको व्यवस्था र त्यस्ता सुविधास्थलहरूका लागि आवश्यक हुने भूमिको अधिग्रहणका लागि आर्थिक सहयोग गर्नका लागि सार्वजनिक वित्त ऐन *1991* बमोजिम *$83,850,000* को अधिकतम कुल मूल रकममा आफ्ना सामान्य दायित्व बोन्डहरू जारी गर्न अनुमति दिइन्छ?

परियोजनाहरू:

- फायरहाउस 6 (स्थानान्तरण र पुनर्निर्माण): $13.3 मिलियन
  नोट: *2022-23* बजेटमा समावेश गरिएको डिजाइनका लागि रकम
- फायरहाउस 1 (स्थानान्तरण र पुनर्निर्माण): $16 मिलियन
- फायरहाउस 11 (पुनर्निर्माण): $15 मिलियन
- फायरहाउसहरू 14, 15, 16, 17 (सुधार): $6.55 मिलियन
- सार्वजनिक सुरक्षा प्रशिक्षण केन्द्र (नयाँ): $18 मिलियन
- पशु ग्रहण केन्द्र (नयाँ): $15 मिलियन

## ★ बाढी रोकथाम र वर्षातको पानीको निकासी सुविधास्थलहरूका परियोजनाहरू

### $50 मिलियन

मतपत्रमा उल्लेख गरिएको प्रश्न:

के हेनरिको काउन्टी, भर्जिनियालाई ऋण अनुबन्ध गर्न र देशमा भूक्षरण, बाढी र वर्षातको पानीले गर्दा निम्ति अन्य समस्याहरूको गम्भीरता कम गर्नका लागि आगलागी स्टेशन र अन्य सार्वजनिक सुरक्षा सुविधास्थलहरूको निर्माण, नवीकरण, पुनर्निमार्ण, सुसज्जित र अत्यावश्यक सामग्रीहरूको व्यवस्था र त्यस्ता सुविधास्थलहरूका लागि आवश्यक हुने भूमिको अधिग्रहणका लागि आर्थिक सहयोग गर्नका लागि सार्वजनिक वित्त ऐन *1991* बमोजिम *$50,000,000* को अधिकतम कुल मूल रकममा आफ्ना सामान्य दायित्व बोन्डहरू जारी गर्न अनुमति दिइन्छ?

परियोजनाहरू:

- सबै म्याजिस्ट्रियल जिल्लाहरूमा सुधार: $50 मिलियन


क्राइटन रोड